annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ८१, पृष्ठ ८ | काठमाडौं, सोमबार ४ साउन २०८३ | आषाढ शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४६ | MONDAY, JULY 20, 2026 | मूल्य : रु. १०

आवरण समाचार

## अब पति–पत्नी कारागारमा सँगै बस्न पाउने

विवाह भयो, तर कुनै कारणवश जेल परियो भने परिवारबाट विमुख हुनुपर्छ। पति-पत्नी पनि छुट्टिएर बस्नुपर्छ। तर, अब भने पति-पत्नी जेलभित्र सँगै बस्न पाउने भएका छन्। सर्वोच्च अदालतले १६ वर्षअघि पति-पत्नी सँगै बसेर प्रजनन अधिकारको सुरक्षा गर्न दिएको निर्देशनलाई कार्यान्वयन गर्न सरकारले हालै कारागार नियमावली राजपत्रमा प्रकाशित गरेको छ। नियमावलीमा निश्चित सर्त पूरा गरेका विवाहित बन्दी दम्पतीलाई कारागारभित्रै निश्चित समयसँगै बस्ने व्यवस्था गरिएको छ। विकसित मुलुकमा अभ्यास भइरहेको यो व्यवस्था नेपालमा पहिलोपटक लागू हुँदैछ।

**दिनेश गौतम** | *काठमाडौं*

समाचार पृष्ठ २



## किभमा रातभर रुसी हमला

**किभ** (एजेन्सी): रुसी सेनाले युक्रेनको राजधानी किभमा रातभर गरेको ब्यालिस्टिक क्षेप्यास्त्रसहितको आक्रमणमा परी एक जनाको मृत्यु भएको छ भने ८ जना घाइते भएका छन्।

स्थानीय अधिकारीहरूका अनुसार बिहान करिब १:३० बजे सुरु भएको आक्रमण केही घण्टासम्म जारी रहँदा राजधानीभरि विस्फोटका ठूला आवाज सुनिएका थिए। युक्रेनको राज्य आपत्कालीन सेवाका अनुसार रुसी आक्रमणका कारण किभका ५ वटा जिल्लामा आगलागी भएको थियो। आक्रमणबाट आवासीय भवन, कार्यालय, औद्योगिक क्षेत्र, छात्रावास तथा सवारीसाधनहरूमा क्षति पुगेको छ।

उद्धारकर्मीहरूले स्भियातोसिन्स्की जिल्लामा आगलागी भएको एउटा निजी घरबाट चार जनाको कुशल उद्धार गरेका थिए भने शेभचेन्किभ्स्की जिल्लामा आगो लागेको तीनतले भवनबाट बासिन्दाहरूलाई सुरक्षित स्थानमा पुऱ्याएका थिए।

एउटा गैरआवासीय भवनमा लागेको आगो नियन्त्रणमा लिने क्रममा त्यहाँ एक जनाको शव फेला परेको थियो।

## २० सचिवसहित २ हजार कर्मचारी घर जाँदै

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

चालु आर्थिक वर्षमा करिब २ हजार कर्मचारी अनिवार्य अवकाशका कारण घर जाँदैछन्। जसमा २० जना त सचिवमात्रै छन्। राष्ट्रिय किताबखाना (निजामती) को अभिलेखअनुसार आर्थिक वर्ष २०८३/८४ मा ५८ वर्षे उमेर हद तथा ५ वर्षे पदावधि पूरा भई १ हजार ९ सय ८५ कर्मचारी अनिवार्य अवकाशबाट निवृत्त हुनेछन्। जसमा ८७ सहसचिव, २ सय ६ जना उपसचिव र ३ सय २० जना शाखा अधिकृतको अवकाश हुँदैछ। सहायक स्तरका ७ सय ७३ जना र श्रेणीविहीनतर्फ ५ सय ७९ जना अनिवार्य अवकाशमा जान लागेका हुन्। हाल संघ, प्रदेश तथा स्थानीय तहमा ९२ हजार ५ सय २० कर्मचारी कार्यरत रहेको राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक श्रवणकुमार पोखरेलले जानकारी दिए।

**अनिवार्य अवकाशमा जाने कर्मचारी**

| | |
|---|---|
| सचिव | २० |
| सहसचिव | ८७ |
| उपसचिव | २०६ |
| शाखा अधिकृत | ३२० |
| सहायक स्तर | ७७३ |
| श्रेणीविहीन | ५७९ |
| जम्मा | १,९८५ |

**को–को सचिवको अवकाश हुँदैछ ?**

यो आर्थिक वर्षमा ठूलो संख्यामा सचिवहरूको अवकाश हुने भएको छ। २० जना सचिव यो वर्ष घर जाँदैछन्। साउन ४ गते किरणराज शर्माको अवकाश हुँदैछ। वरिष्ठताका आधारमा पहिलो नम्बरमा रहेका शर्मा मुख्यसचिवका दाबेदार थिए, तर सरकारले गोविन्दबहादुर कार्कीलाई मुख्यसचिव बनाएको छ। कार्कीलाई मुख्यसचिव बनाएपछि शर्मा बिदामा बसेका थिए। उनी ५ वर्षे सचिवको अवधि पूरा भएकाले साउन ४ मा सेवानिवृत्त हुँदैछन्।

त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अतिरिक्त समूहमा रहेका सचिव लोकनाथ पौडेल उमेर हदका कारण साउन ७ गते अवकाश हुँदैछन्। प्रधानमन्त्री कार्यालयकै अतिरिक्त समूहमा रहेका हरिप्रसाद मैनाली पनि उमेर हदका कारण साउन १९ गते सेवानिवृत्त हुँदैछन्। त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव डिल्लीराम शर्मा भदौ ३ गते उमेर हदका कारण सेवानिवृत्त हुँदैछन्। उमेर हदकै कारण बागमती प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीको भदौ ५ गते बिदाइ हुँदैछ।


बाँकी पृष्ठ ६

## केहीबेरमै काठमाडौं जलमग्न

**काठमाडौं** (अन्नपूर्ण) : आइतबार दिउँसोदेखि लगातार परेको वर्षाले काठमाडौंका धेरैजसो स्थान जलमग्न भएका छन्। माइतीघर, तीनकुने, पेप्सीकोला, वनस्थलीलगायतका क्षेत्र डुबानमा परेका छन्। नदी किनारका जलसतह पनि उल्लेख्य रूपमा बढेका छन्। कार्यालयबाट घर फर्किरहेका सर्वसाधारणले सास्ती भोग्नु परेको बताएका छन्। बागमती, मनोहरा, हनुमन्तेलगायतका नदीमा पानीको सतह बढेको छ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत बाढी पूर्वानुमान शाखामा कार्यरत सहायक हाइड्रोलोजिस्ट अमन मिश्रका अनुसार तीन घण्टामा करिब ४० मिलिमिटर वर्षा भएको छ। यसका कारण काठमाडौंका केही स्थान जलमग्न भएका हुन्। गौरीघाटस्थित बागमती नदीमा पानीको सतह खतराको तहभन्दा माथि पुगेको थियो। तर, वर्षा केही कम भएसँगै नदीको बहाव खतराको तहभन्दा तल झरेको छ।

बाँकी पृष्ठ ६




## सूचना प्रविधिमा विद्यार्थीको आकर्षण, आईबीएमको साथ

**संजीप घिमिरे** | *भक्तपुर*

ग्यालेक्सी पब्लिक स्कुल काठमाडौंको कक्षा ९ मा अध्ययनरत छात्र रियाज भुजेल सूचना प्रविधिमै आफ्नो भविष्य देख्छन्। क्रियटिभ लनर्स स्कुल भक्तपुरकी छात्रा दीक्षा गिरीलाई पनि सूचना प्रविधिको पढाइले मात्र शिक्षा पूर्ण हुने भन्ने लागेको छ। भक्तपुरको बालकोटस्थित माउन्ट भ्यु विद्यालयमा भुजेल र गिरीसहित ७ विद्यालयका ३१ विद्यार्थीले सूचना प्रविधिसम्बन्धी अन्तर्राास्ट्रियस्तरको आधारभूत तालिम लिएका छन्। तालिमले सूचना प्रविधिको क्षेत्रमा आफूहरूको ज्ञान र लगाव बढाउनुका साथै यस क्षेत्रमा राम्रो गर्न सक्ने आत्मविश्वास बढेको उनीहरू बताउँछन्।

विद्यालय तहका यी विद्यार्थीलाई सूचना प्रविधिको तालिम भने सूचना प्रविधिको क्षेत्रमा ख्यातिप्राप्त अन्तर्राष्ट्रिय संस्था आईबीएम, यूकेले उपलब्ध गराएको हो। सो संस्थामा कार्यरत नेपाली मूलकी विज्ञ आरुषी कार्कीको पहलमा नेपाली विद्यार्थीका लागि तालिम सञ्चालन गरिएको आयोजक 'इंगेज नेपाल विथ साइन्स' की नेपाल संयोजक शुभेक्षा बास्तोलाले बताइन्।



प्रविधिको क्षेत्रमा उत्सुक र करिअर बनाउन जागरुक विद्यार्थीलाई लक्षित गरी 'कोड द फ्युच' कार्यक्रमअन्तर्गत डिजिटल सीप विकास तालिम नि:शुल्क सञ्चालन गरिएको उनले जानकारी गराइन्।

एक साताससम्म सञ्चालित तालिम शुक्रबार समापन गरिएको छ। तालिममा सहभागीलाई एचटीएमएल, सीएसएस र गिटलगायत वेब विकासका आधारभूत सीप सिकाइएको छ। सहभागीहरूले अनुभवी आईबीएम वेब डेभलपरसँगको प्रत्यक्ष निगरानी, अन्तरक्रिया, परामर्श र परियोजनाका रूपमा आफ्नै वेबसाइट निर्माण गर्ने अवसर पाएका छन्। साथै, एआई सत्रमा कोडिङका लागि एआईलाई सही तरिकाले प्रयोग गर्नसमेत सिकाइएको छ।

आईबीएम, यूकेका विषय विज्ञ प्रशिक्षकहरू सारा निनन, जेकब बोर्डम्यान, रेम्या मुरलीधरन, ज्याक्लिन जोन्स, क्रिस्टेल कैसिप, खदिजा अल्लाराखिन, दुआ रदवान, बेल्स वोडिके, एम्बर इडुम्बोन्यी, ग्रेस बर्डेटले सहभागी विद्यार्थीलाई अनलाइन कक्षामार्फत सिकाएका थिए। उनीहरूको सिकाइबारे नियमित अन्तरक्रियामा भने ज्याक्लिन जोन्स, अमर राई र आरुषी कार्की सहभागी रहे।

सूचना प्रविधिको युगमा वेबसाइटबारे ज्ञान दिन र विद्यार्थीलाई सही दिशानिर्देश गर्न तालिम प्रभावकारी भएको नेपाली स्वयंसेवक मोनिमा कर्माचार्य र उत्सव दाहालको भनाइ छ। यसले विद्यार्थीलाई समूहमा काम गर्न, आफ्नो ज्ञानको दायरा बढाउन र सिर्जनशीलता विकास गर्न महत्त्वपूर्ण प्लेटफर्म निर्माण गरेको शिक्षासेवी एवं माउन्ट भ्यु स्कुलकी प्रिन्सिपल मीना महर्जनले प्रतिक्रिया दिएकी छन्।

बाँकी पृष्ठ ६